फोन नं.९८०१४५१७४१

# सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मावुमोड, देउराली, इलाम, कोशी प्रदेश,नेपाल

आन्तरिक आय संकलन सम्बन्धि ठेक्का आव्हावानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०३

यस सन्दकपुर गाउँपालिकाको आ.व. २०८०/०८१ को आन्तरिक आय संकलनका लागि तपशिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक ब्यक्ति तथा फर्महरु बाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आहवान गरिन्छ ।

तपशिलः

| सूचना नम्बर | विवरण | न्युनतम ठेक्का रकम रु (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुररु |
|---|---|---|---|
| ४/२०७९/०८० | दैनिक हाटबजार कर ,सडक मर्मत संभार शुल्क,स्थानीय पुर्वाधारको उपभोग शुल्क तथा कृषि उत्पादन/वन पैदावर तथा अन्य ब्यवसायिक कारोवारमा लाग्ने कर | ७०,००,०००।-<br>( रु. सत्तरी लाख मात्र ) | १५००।- |

१.दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदनका साथ तल उल्लेखित दस्तुर ( फिर्ता नहुने गरी) श्री प्रभु बैंक लि.देउरालीको खाता नं. १६४०११००१००००१०३ मा जम्मा गरि इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०८०/०३/१७ गते भित्र कार्यालय समय सम्म दरभाउपत्र कागजत खरिद गर्न सकिने छ ।

२.खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम,ठेगाना,ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८०/०३/१७ गतेको दिन १२ बजे भित्र दर्ता गरिसक्नु पर्नेछ ।

३.खरिद भएको बोलपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०८०/०३/१८ गते दिनको २ बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४.दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५.उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि,स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको ब्यवसाय कर प्रमाण पत्रको नविकरण प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

६.धरौटी वापतको रकम आफूले कबोल गरेको ठेक्का अङ्कको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड,देउरालीको खाता नं. १६४०११००१०००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७.म्याद नाघि आएको रित नपुगेको वा सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

८.दरभाउपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर(VAT) बाहेकको दररेट उल्लेखित गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

९.यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१०.बोलपत्रदाता र गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।अन्य थप जानकारीको लागि यस सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

...............................

महेश राई

प्रमुख प्रशासकीय अधिकृत

महेश राई
प्रमुख प्रशासकीय अधिकृत